
दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ७२ | बुटवल | २०८२ फागुन २८ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday March 12, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# कांग्रेसमा फेरि सुरु भयो किचलो



लुम्बिनी संवाददाता

*बुटवल*

नेपाली कांग्रेसभित्र निर्वाचनमा भएका पराजयपछि गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा भएको विशेष महाधिवेशनको औचित्यलाई लिएर किचलो सुरु भएको छ।

पूर्व सभापति शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशन गरेका कारण चुनावमा पराजय भएको भन्दै सभापति गगन थापाको राजीनामा माग्न थालेका छन् भने थापा पक्षले राजीनामा दिन नपर्ने तर्क गरिरहेका छन्।

स्वयं सभापति थापा पार्टी पराजयको नैतिक जिम्मेवारी लिँदै राजीनामा दिने मनस्थितिमा पुगेर उप-सभापति विश्वप्रकाश शर्मासँग राय मागेका थिए। तर उपसभापति शर्माले पनि राजीनामा दिन उचित नहुने सुझाव दिएपछि रोकिएको छ।

कांग्रेसका नेता तथा राष्ट्रियसभा सदस्य कृष्णप्रसाद सिटौलाले विशेष महाधिवेशन अनुचित भएको बताएका छन्। बुधबार सिंहदरबार परिसरमा सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले यस्तो बताएका हुन्।

उनले पार्टीको आन्तरिक विवादसँग जोडिएर सर्वोच्च अदालतमा पुगेको मुद्दालाई छिटो किनारा लगाउन आग्रह समेत गरे। विशेष महाधिवेशनबारे नेता सिटौलाले संस्थागत रूपमा आफूहरूले त्यसलाई आवश्यक नठानेको स्पष्ट पारे।

पार्टीको आन्तरिक विषयलाई लिएर सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दाले पार्टीको आगामी बाटो तय गर्न प्रभाव पार्ने भएकाले यसलाई छिटो टुङ्ग्याउनुपर्नेमा उनको जोड छ। अदालतको फैसलापछि मात्रै पार्टीभित्रको अन्योल हटेर अगाडि बढ्न सहज हुने उनको भनाइ छ।

उनले भने-'विशेष महाधिवेशनलाई हामीले उचित ठानेका छैनौं अहिलेसम्म पनि। अहिले सर्वोच्च अदालतमा विचाराधीन मुद्दा छ त्यसलाई छिट्टै टुङ्ग्याओस् हामी त्यही चाहन्छौं र सर्वोच्च अदालतका न्यायाधीशहरूले त्यसलाई छिट्टै टुङ्ग्याइदिए हुन्थ्यो। त्यति मात्रै हाम्रो रिक्वेस्ट हो कसरी टुङ्ग्याउँछ हेर्न बाँकी छ नि त।'

यद्यपि अदालतले उक्त मुद्दालाई कुन रूपमा फैसला गर्छ भन्नेकुरा भने प्रतिक्षाकै विषय रहेको उनले बताए।

पार्टीको आन्तरिक विवाद अदालतसम्म पुग्नु र नेतृत्व तहबाटै अदालतको फैसलाको प्रतिक्षा गरिनुले कांग्रेसभित्रको वर्तमान राजनीतिक तरलता र गुटगत मतभेदलाई प्रस्ट पारेको छ। अदालतको फैसला आएपछि मात्रै पार्टीलाई एकताबद्ध बनाएर लैजाने विषयमा थप छलफल हुने नेता सिटौलाको भनाइ छ।

नेता सिटौलाले प्रतिनिधिसभा सदस्यको निर्वाचन परिणाम अप्रत्याशित भएको बताए।

प्रतिनिधिसभा निर्वाचनको नतिजा अपेक्षाभन्दा फरक आएको भन्दै उनले कांग्रेस, एमाले, नेकपा तथा मधेस केन्द्रित दलहरूका लागि यो परिणाम केही हदसम्म अप्रत्याशित देखिएको बताए। उनले निर्वाचन परिणामकाबारे पार्टीभित्र थप छलफल हुन बाँकी रहेको उल्लेख गरे। निर्वाचन परिणामले पुराना दलहरूको हैसियत झण्डै उस्तै देखिएको उनको भनाइ छ।

उनले हाल निर्वाचित भएर आएका राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले देश र जनताको हितमा कस्तो काम गर्छन् भन्ने विषयले आगामी राजनीतिक दिशालाई प्रभाव पार्ने बताए।

उनले भने-'यो अप्रत्याशित लाग्यो मलाई, तथापि पार्टीभित्र छलफल गर्न बाँकी छ। पुराना दलहरुको हैसियत उस्तै उस्तै देखिन्छ, काँग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, त्यस्तै मधेस केन्द्रित दलहरु सबै पुराना दलहरुको लागि यो अप्रत्याशित जस्तो नै देखिन्छ। तथापि अहिले निर्वाचित भएर आउने राष्ट्रिय स्वतन्त्र पार्टीका माननीयहरु हुनुहुन्छ, उहाँहरुले देशको हितमा, जनताको हितमा कति राम्रो कामहरु गर्नुहुन्छ। त्यसमा धेरै कुरा भर पर्छ नी अब।'

उनले बदलिँदो राजनीतिक परिस्थिति र नयाँ शक्तिको उदयले आफूहरूको भूमिकामा पनि परिवर्तन आएको बताए। उनले नयाँ परिवेशमा राष्ट्रिय सभाले निर्वाह गर्ने भूमिका अझ महत्वपूर्ण हुने उल्लेख गरे।

आफूसहित पार्टीले लज्जास्पद हार व्यहोरेपछि विशेष महाधिवेशनबाट आएका सभापति गगन थापाले राजीनामा दिने मनस्थिति बनाएको विषय सार्वजनिक भएको थियो।

'बदलियो कांग्रेस, बदल्छौं देश' भन्ने सङ्कल्पका साथ नयाँ नेतृत्वका साथ आएको कांग्रेसले चुनावमा अपेक्षाकृत मत पाउन नसकेपछि विशेष महाधिवेशन र सभापति थापाको औचित्यमाथि शेरबहादुर देउवा पक्षका नेताहरुले प्रश्न उठाएका छन्। तर धेरैले त्यसको प्रतिवाद गरेका छन्। उपसभापति विश्वप्रकाश शर्मासँगको भेटमा सभापति थापाले राजीनामा दिने बताएका थिए।

तर पार्टी उपसभापति शर्मासहित अधिकांश नेताहरूले अहिले राजीनामा समस्या समाधानको निकास नभएको बताएका छन्। यो निर्वाचनमा रास्वपा दुई सिट कम दुई तिहाइ बहुमतमा आउँदा कांग्रेस प्रत्यक्षतर्फ १८ सीटमा खुम्चिएको छ।

नेपाली कांग्रेसका कोशी प्रदेश सभापति एवम् संसदीय दलका नेता उद्धव थापाले अहिलेको परिस्थितिमा नेतृत्वको राजीनामा माग्नु वा पद त्याग्नु समस्याको समाधान नभएको बताएका छन्। झापाको बिर्तामोडमा बुधबार आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन्।

चुनावी परिणामपछि नेपाली कांग्रेसभित्र केन्द्रीय सभापति गगन थापाको राजीनामाको बहस चलिरहँदा कोशी प्रदेशका सभापति थापाले अर्थपूर्ण अभिव्यक्ति दिएका हुन्। उनले विशेष महाधिवेशनमार्फत् पार्टी सुधारको प्रयास भए पनि त्यो पर्याप्त नभएकोसमेत बताए। उनले लोकतान्त्रिक अभ्यासमा हार-जित स्वभाविक हुने भन्दै निर्वाचनको नतिजाबाट कांग्रेस कार्यकर्ताहरू विचलित हुन नहुने बताए।

निर्वाचन परिणामलाई जनताले चाहेको परिवर्तनको सङ्केतका रूपमा व्याख्या गर्दै मतपरिणामलाई संयमित भएर स्वीकार गर्नुपर्ने उनले जनाए।

विशेष महाधिवेशनमार्फत् पार्टी सुधारको प्रयास भए पनि त्यो पर्याप्त नभएको भन्दै उनले कांग्रेसलाई अब नयाँ ढङ्गले बदल्ने र पुनः जनताको पार्टी बनाउने अवसर आएको बताए।

देउवा निकट नेता जितजंग बस्नेतले भनेविशेष महाधिवेशनको औचित्य समाप्त भएकाले गगन थापाले राजीनामा दिनुपर्ने बताइरहेका छन्। तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले भने अब अस्वाभाविक महत्वाकांक्षा र आवेगबाट मुक्त बन्न पार्टी पङ्क्तिलाई आह्वान गरेका छन्।

उनले भनेका छन्-'अब आवेग, उत्तेजना र बदलाको भावनाबाट मुक्त भएर अत्यन्त संयम, जिम्मेवार भएर हामी सबैले म म भन्दै विगतको निर्मम समीक्षा गर्दै अस्वाभाविक महत्त्वाकांक्षा, आवेग र आग्रहबाट मुक्त भएर पार्टीको व्यापक-बृहत् एकताका लागि निष्ठा र समर्पण भावका साथ अगाडि बढ्नु पर्ने हामी सबैको नैतिक कर्तव्य र जिम्मेवारी छ।'

यद्यपि, गगनले पार्टीभित्र विद्रोह गरेर विशेष महाधिवेशन गर्दा असन्तुष्ट तत्कालीन सभापति शेरबहादुर देउवासहित शीर्ष नेताहरू चुनावको पक्षमै खुलेनन्। देउवा चुनावको पक्षमा नखुल्दा कांग्रेसको नतिजामा फरक परेको विश्लेषण संस्थापन पक्षका एक नेताले गरे।

ती नेताले भने-'रास्वपाको लहर देशैभर चल्यो। पार्टीभित्र एकमत नभएको कुरा लुकाउनुपर्ने छैन। यस्तो परिणाम आउनु स्वाभाविक हो।

» *बाँकी ३ पेजमा*

## 'जनभावनाअनुसार राष्ट्रियसभामा प्रस्तुत हुन्छौं'

बुटवल। नेपाली कांग्रेसले जनताको भावना अनुरूप राष्ट्रियसभामा प्रस्तुत हुने निर्णय गरेको छ।

राष्ट्रियसभा संसदीय दलको बैठकले आगामी दिनमा जनताको भावना अनुरूप दलको तर्फबाट राष्ट्रियसभामा एकताबद्ध भएर सक्रिय र विशेष जिम्मेवारीपूर्वक प्रस्तुत हुने निर्णय गरेको प्रमुख सचेतक कृष्णबहादुर रोकायले बताए।

बैठकमा देशको समसामयिक राजनीतिक परिस्थितिकारबारे छलफल भएको बताए।

बैठकपछि दलका नेता कृष्णप्रसाद सिटौलाले नयाँ परिस्थितिमा आफ्नो जिम्मेवारी थपिएको जनाए।

उनले भने-'हामीले जनताको भावना अनुरूप, अझ बढी सचेत, जागरूक र विशेष जिम्मेवारीका साथ काम गर्नुपर्छ भन्ने हाम्रो आजको निष्कर्ष छ। राष्ट्रिय सभामा हाम्रो संख्या अहिले २५ पुगेको छ। त्यसैले जिम्मेवारी पनि हाम्रो सबैभन्दा ठुलो हुन्छ।' उनले पार्टीबाट निर्वाचित सांसदहरुले राम्रो रचनात्मक भूमिका निर्वाह गर्ने बताए।

## इरान आक्रमणमा परि यूएईमा एक नेपालीको मृत्यु, १५ जना घाइते

बुटवल। युनाइटेड अरब इमिरेट्स (यूएई) मा इरानको आक्रमणमा परेर हालसम्म १५ नेपाली घाइते भएका छन्। तीमध्ये १४ जना उपचारपछि आफ्नो काममा फर्किसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

परराष्ट्र मन्त्रालयले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका सह-सचिव रामजी खड्काले इरानले प्रहार गरेको मिसाइल तथा ड्रोन आक्रमणमा परेर हालसम्म १५ नेपाली सामान्य घाइते भएको बताए।

तीमध्ये एक जना उपचारका क्रममा रहेको र उनको अवस्था समेत सामान्य रहेको सह-सचिव खड्काले बताए। इजरायल-अमेरिका र इरानबिच आक्रमण-प्रत्याक्रमण भइरहेको छ। इरानले खाडी तथा पश्चिम एसियाका देशहरूमा रहेका अमेरिकी सैन्य बेशक्याम्पमा ड्रोन तथा मिसाइल आक्रमण गर्दै आएको छ।

ड्रोन आक्रमण क्रममा गोरखाका विवेक श्रेष्ठको यूएईमा मृत्यु भएको थियो। उनको शव नेपाल ल्याएर अन्त्येष्टि समेत गरिसकिएको छ। उनको क्षतिपूर्तिका लागि यूएईस्थित नेपाली दूतावासमार्फत् पहल भइरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। तीबाहेक अन्य क्षेत्रमा रहेका नेपाली भने सुरक्षित रहेको मन्त्रालयले जनाएको छ।

इरानको मिसाइल आक्रमणमा यूएईमा ज्यान गुमाएका दिवस श्रेष्ठको शव परिवारलाई हस्तान्तरण गरिएको छ।

बुधबार परराष्ट्र मन्त्रालयले पत्रकार सम्मेलन गर्दै आवश्यक कानुनी प्रक्रिया पूरा गरी मृतक श्रेष्ठको शव परिवारलाई हस्तान्तरण गरिएको जानकारी गराएको हो।

कार्यक्रममा बोल्दै मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखा प्रमुख रामकाजी खड्काले श्रेष्ठको परिवारलाई आवश्यक क्षतिपूर्ति दिने प्रक्रिया समेत सुरु भइसकेको जानकारी दिए। उनले मध्यपूर्वमा बढ्दो तनावबारे परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली नियोग तथा राजदुतावासहरूमार्फत् जानकारी एवं ट्राभल एड्भाइजरी जारी गर्ने कार्य भइरहेको जानकारी दिए।

'इरानको आक्रमणमा परी यूएईमा ज्यान गुमाएका गोरखाका दिवस श्रेष्ठको पार्थिव शरीर नेपाल ल्याएर आवश्यक कानुनी प्रक्रिया पूरा गरी परिवारलाई हस्तान्तरण गरिएको छ। परिवारलाई आवश्यक क्षतिपूर्ति दिने प्रक्रिया समेत सुरु भएको छ।'- महाशाखा प्रमुख खड्काले भने।

मृतक श्रेष्ठ गोरखाको भीमसेन थापा गाउँपालिका- ७ बोर्लाङ थान्तिका हुन्। उनी यूएईमा सुरक्षा गार्डको रूपमा कार्यरत थिए।

खड्काले मध्यपूर्वमा रहेका नेपाली नागरिकहरू सुरक्षित रहेको जानकारी गराउँदै उनीहरूको सुरक्षाका लागि सरकार गम्भीर रहेको समेत बताए।

## रविको मुद्दा फिर्ताविरुद्धको रिटमा सुनुवाइ हुने



बुटवल। सर्वोच्च अदालतले रास्वपा सभापति रवि लामिछानेको मुद्दा फिर्ता लिने निर्णयविरुद्धको रिट निवेदनमाथि आगामी आइतबार सुनुवाइ थाल्न आदेश दिएको छ।

न्यायाधीशहरू सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइका लागि पेश गर्न आदेश दिएको हो। सुनुवाइ सुरु भएको दुई/तीन दिनमै सर्वोच्च अदालतले आफ्नो आदेश सुनाउनेछ।

महान्यायाधिवक्ता सविना भण्डारी बरालले रविविरुद्ध पेश भएको आरोपपत्र संशोधन गर्ने र त्यसक्रममा संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिन सरकारी वकिलहरूलाई निर्देशन दिएकी थिइन्।

त्यो निर्णयविरुद्ध सर्वोच्च अदालतमा तीन छुट्टाछुट्टै रिट निवेदन दर्ता भएका थिए।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता आभास रेग्मीसहित तीन जना र युवराज पौडेलले निवेदन दर्ता गरेका थिए।

## रिहा भए दीपक मनाङे

बुटवल। गण्डकीका पूर्वसांसद राजीव गुरुङ उर्फ दिपक मनाङे रिहा भएका छन्। ज्यान मार्ने उद्योगमा जेल परेका उनी सजाय भुक्तान गरेर बुधबार छुटेका हुन्।

डिल्लीबजार कारागार प्रशासनका अनुसार मनाङे आवश्यक प्रक्रिया पूरा गरी छुटेका छन्।

गुन्डा नाइके चक्रे मिलनलाई २०६१ बैशाखमा महाराजगञ्जमा खुकुरी प्रहार गरेको अभियोगमा उनीमाथि ५ वर्षको जेल सजाय सुनाइएको थियो। बाँकी रहेको सजाय भुक्तान गरी उनी जेलबाट निस्किएका हुन्।

२०७९ सालको प्रदेशसभा निर्वाचनमा मनाङ जिल्ला, प्रतिनिधिसभा क्षेत्र नम्बर १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं. २ बाट स्वतन्त्र उम्मेदवार बनेका मनाङे निर्विरोध निर्वाचित भएका थिए।

तर, उनीमाथि ज्यान मार्ने उद्योग मुद्दा चलिरहेको थियो। उच्च अदालत पाटनले उनलाई ५ वर्ष कैद सजाय सुनाएको थियो, जसविरुद्ध उनले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए। ज्यान मार्ने उद्योग मुद्दामा अन्तिम फैसलाबाट दोषी ठहर भएसँगै उनी सांसद पदमा रहिरहन अयोग्य भएका थिए। सँगै ६ वर्षका लागि उम्मेदवार हुन पनि अयोग्य ठहऱ्याइएको थियो।

## ६ राष्ट्रिय दल बन्दा आगामी संसदको समीकरण कस्तो ?



बुटवल। प्रतिनिधिसभा निर्वाचनको समानुपातिक तर्फको पनि मतगणना सकिएसँगै आगामी संसदको नयाँ समीकरण तयार भएको छ।

प्रत्यक्षमा १२५ सिट जितेको रास्वपाले समानुपातिक मतको आधारमा ५७ सिट पाउने भएपछि उसले कुल १८२ सिट पुग्ने निश्चित भएको छ। रास्वपा संसदको सबैभन्दा ठूलो दलको रुपमा उदाएको छ। ऊ दुई तिहाइ बहुमतबाट मात्र दुई सिटले टाढा रह्यो। २७५ सदस्यीय प्रतिनिधिसभामा दुई तिहाइका लागि १८४ सिट आवश्यक पर्छ।

निर्वाचन आयोगले आयोगले समानुपातिक मतको आधारलाई समेत लिएर सिट निर्धारण गरेपछि मात्र यकिन संख्या आउनेछ। तर आयोगले सिट विभाजनका लागि प्रयोग गर्ने 'सेन्ट लग फर्मुला'मा राखेर अहिले दलहरूले प्राप्त गरेको मतको आधारमा सिट बाँडफाँट गर्दा उसको प्रत्यक्ष र समानुपातिक दुवैबाट कूल १८२ सिट पुग्ने देखिएको हो।

रास्वपाले समानुपातिकमा कुल एक करोड ७ लाख ६४ हजार ८ सय ८९ मत मध्ये रास्वपाले ५१ लाख ४६ हजार ६ सय ८१ मत ल्याएको छ। यो कुल मतको करिब साढे ४७ प्रतिशतभन्दा बढी हो।

दोस्रो पार्टीको रुपमा रहेको नेपाली कांग्रेसले समानुपातिकमा २० सिट पाउने देखिएको छ। कांग्रेसले प्रत्यक्षमा १८ सिट जितेको छ। कांग्रेसले १७ लाख ५४ हजार ५२ मत ल्याएको छ। प्रत्यक्ष र समानुपातिक गरी प्रतिनिधिसभामा कांग्रेसको ३८ सिट हुने देखिएको छ। गत चुनावको भन्दा करिब आधा बढी कम सिट हो। यसअघि कांग्रेसको ८९ सिट थियो।

एमालेले समानुपातिकबाट १६ सिट पाउने देखिएको छ। उसले प्रत्यक्षमा ९ सिट जितेको छ। अब प्रतिनिधि सभा २५ सिट हुनेछ।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## मानव–वन्यजन्तुको द्वन्द्वले निम्तिएको समस्या

राष्ट्रिय जनगणना-२०७८ का अनुसार, नेपालका ३४ पहाडी जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक छ । पहाडी जिल्लाको जनसंख्या वृद्धि ऋणात्मक हुनुका विभिन्न कारणमध्ये एक हो, बाँदर र बँदेललगायत वन्यजन्तुले खेतीपातीमा गरेको नोक्सानी । बाँदर र बँदेलबाट खेतीबाली जोगाउन नसकेपछि बसाइँ सर्नेहरु समेत रहेकाले जनसंख्या ऋणात्मक भएको देखिएकाले अब बाँदर र बँदेल नियन्त्रण एउटा प्रमुख मुद्दा बनेको छ।

नागरिकले पछिल्ला वर्ष चुनावमा मत माग्न घरदैलो पुग्ने उम्मेदवारहरुलाई बाँदर र बँदेल नियन्त्रण गर्न माग गरेका छन् । अर्घाखाँची, गुल्मीलगायतका जिल्लामा मतदाताले उम्मेदवारहरुलाई भने-बाँदर र बँदेल नियन्त्रण गरी गाउँमा बस्न सक्ने बनाउनुस् । मान्छेको बसोबास जहाँ उत्पादनको साधन हुन्छ, त्यही हुन्छ । शहरी क्षेत्रमा उद्यम, रोजगारी, शिक्षा आर्जनका लागि मान्छेको बसोबास हुन्छ । गाउँमा कृषि उत्पादन गरेर जीविकोपार्जन गर्नेहरु बसोबास गर्छन् । बाँदरले लगाएको खेतीबाली नोक्सान गरी स्याहार्न नपर्ने बनाउन थालेपछि जग्गा बाँझै राख्नुपर्ने स्थिति आयो । बाँझै जग्गा कुरेर गाउँमै लामो समय बस्ने अवस्थाबाट नागरिक मुक्त हुँदै बसाइँ सर्दै आएका छन् । यद्यपी बसाइँसराइको कारण बाँदरले दिएको सास्ती मात्रै होइन । तर मध्य पहाडमा भइरहेको बसाइँसराइ नियन्त्रण गर्ने हो भने योजनाबद्ध कामको थालनी गर्नुपर्छ । त्यसमध्येको एउटा कारण बाँदर नियन्त्रण पहिलो काम हो ।

बाँदर र बँदेलले दिएको सास्ती मात्रै नभई अन्य वन्यजन्तुको निशानामा बर्दा मान्छेको जीवन जोखिममा पर्दै गएको छ । मानव-वन्यजन्तु द्वन्द्व बढ्दै जाँदा त्यसले बसाइँसराइलाई प्रभावित बनाएको छ । अर्घाखाँचीमा बस्तीमा चितुवा पसेर मान्छेलाई आक्रमण गर्दा केहीको ज्यान गयो । बर्दियामा पनि बाघको आक्रमणले नागरिकले ज्यान गुमाइरहेका छन् । बाँदरले खेतीबाली नोक्सान गरेको मात्रै भए पनि बँदेलको आक्रमणले नागरिक घाइते हुँदै आएका छन् । वन्यजन्तुको कारण नागरिकको जीवन र बाँच्ने आधार जोखिम पर्दा त्यसको नियन्त्रण गर्न राज्य किन गम्भीर हुन सकेन् ? बाँदर नियन्त्रणको मुद्दा २०७४ को स्थानीय चुनावदेखि उठ्न थालेको हो । बाँदर नियन्त्रण गर्ने उम्मेदवारलाई मत दिने अभियान नै चलाए गुल्मी र अर्घाखाँचीका ग्रामीण बस्तीका बासिन्दाले । बाँदर मार्न नपाइने भएकाले नागरिकले सास्ती भोग्न बाध्य छन् । अब राज्यले बाँदरले दिएको सास्ती नियन्त्रण नगर्ने हो भने नेपाली समाजमा बहुआयामिक प्रभाव पार्ने देखिन्छ ।

मानव-वन्यजन्तु द्वन्द्वको असर कतिसम्म गहिरो छ भने फागुन २१ गतेको आम निर्वाचनमा दाङको बबई गाउँपालिका वडा नं. ७ का निकुञ्ज प्रभावित बासिन्दाले जंगली जनावरहरुको आतंकलाई रोक्न सहयोग नगरेको भन्दै मतदान बहिष्कार गरे । दाङको बबई गाउँपालिकामा भएको मतदान बहिष्कारको घटना अहिले एउटा झिल्को हो, आगामी दिनमा देशभर फैलन सक्छ । मतदाताले मतदान नै बहिष्कार गर्ने सामान्य विषय होइन् । मानव-वन्यजन्तु द्वन्द्वलाई राजनैतिक नेतृत्वले व्यवस्थापन गर्न ध्यान नदिँदा लोकतान्त्रिक प्रणालीमाथि नै चुनौती थपिन सक्छ । लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन भुइँतहका नागरिकले राखेका समस्या समाधान गर्न पहलकदमी लिनुपर्छ ।

# प्रत्यक्ष राजनीतिमा महिला : अब प्रतीक होइन, नेतृत्व नै लिनुपर्छ





भगवती पाण्डे

केही दलहरूले महिलालाई जित्न सक्ने क्षेत्रमा उम्मेदवार बनाउँदा उनीहरूले राम्रो परिणाम पनि ल्याएका छन् । यसले एउटा स्पष्ट सन्देश दिन्छ–जनताले सक्षम उम्मेदवारलाई महिला वा पुरुष भनेर होइन, काम र दृष्टिकोणका आधारमा मूल्याङ्कन गर्न थालेका छन् ।

नेपालको पछिल्लो प्रतिनिधिसभा निर्वाचनले एउटा महत्वपूर्ण सन्देश दिएको छ । धेरै महिला उम्मेदवार चुनावी मैदानमा उत्रिए, राजनीतिक बहसमा सहभागी भए, जनतासँग भोट माग्दै घरदैलो पुगे । तर परिणाम हेर्दा प्रत्यक्षतर्फ भने जम्मा १४ जना महिला उम्मेदवार मात्रै विजयी हुन सके । यो संख्या कुल प्रत्यक्ष सिटको सानो अंश मात्र हो ।

पहिलो दृष्टिमा यो निराशाजनक तथ्य जस्तो देखिन सक्छ । तर यसलाई अर्को दृष्टिले हेर्दा यसले आशाको संकेत पनि दिन्छ । केही वर्षअघिसम्म प्रत्यक्ष निर्वाचनमा महिलाको जित अझै कम थियो । उदाहरणका लागि, २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष प्रणालीबाट केवल ९ जना महिला मात्रै निर्वाचित भएका थिए । अहिले त्यो संख्या बढेर १४ पुगेको छ ।

**१४ जनाले जित्दा उत्साह**

१४ जना महिला उम्मेदवारले विजयी स्थान हासिल गरे । यसमा रास्वपाकी रञ्जु न्यौपाने, रुविना आर्चाय, सोविता गौतम, बिना गुरुङ, कोमल ज्ञवाली, निशा डाँगी, तोशिमा कार्की, आशा झा, पुष्पा कुमारी चौधरी, गौरी कुमारी, नीतिमा भन्डारी, आशिका तामाङ, भिना गुरुङलगायतका उम्मेदवारहरू रहेका छन् । उनीहरूले आफ्नो क्षेत्रमा मुख्य प्रतिस्पर्धीलाई पराजित गर्दै प्रत्यक्ष मतबाट विजय प्राप्त गरे । उदाहरणका लागि, रुविना आर्चाय मोरङ-६ बाट नेपाली कांग्रेसका वरिष्ठ नेता शेखर कोइरालालाई हराउँदै करिब ५५,५१३ मतसहित निर्वाचित भइन् भने सोविता गौतमले चितवन-३ बाट ५९,२७७ मतसहित प्रत्यक्ष विजय हासिल गरिन् ।

रञ्जु न्यौपाने काठमाडौं-१ बाट १५,४५५ मतसहित विजयी भएकी छन् । यी १४ महिला उम्मेदवारमध्ये १३ जना रास्वपाकी छन् भने १ जना नेपाली कांग्रेसबाट विजयी भएकी छिन् । उनका विजयी परिणामले महिलाको राजनीतिक सहभागिता र प्रभावलाई प्रत्यक्षतर्फ देखाएको छ । लुम्बिनी प्रदेशबाट महिला उम्मेदवार ५६ जना थिए । तर कसैले पनि जितेनन् ।

संख्या अझै सन्तोषजनक छैन, तर प्रवृत्ति भने परिवर्तनतर्फ उन्मुख देखिन्छ ।

नेपालको संविधानले संसदमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यो लक्ष्य पुरा गर्न समानुपातिक प्रणाली महत्वपूर्ण साधन बनेको छ । वास्तवमा, समानुपातिक प्रणालीले धेरै महिलालाई राष्ट्रिय राजनीतिमा प्रवेश गर्ने अवसर दिएको छ ।

**तर प्रश्न यहाँ उठ्छ–**

के महिलाको राजनीतिक प्रतिनिधित्व समानुपातिक सूचीमा मात्रै सीमित रहनु पर्छ ?

लोकतन्त्रमा सबैभन्दा शक्तिशाली वैधता भनेको प्रत्यक्ष जनमत हो । जब कुनै नेता प्रत्यक्ष रूपमा जनताबाट निर्वाचित हुन्छ, त्यो जनविश्वासको सबैभन्दा स्पष्ट प्रमाण हुन्छ । त्यसैले महिलाको राजनीतिक सशक्तीकरणको वास्तविक अर्थ पनि प्रत्यक्ष निर्वाचनमा उनीहरूको उपस्थिति र सफलता बढ्नु हो ।

दुर्भाग्यवश, अझै पनि नेपाली राजनीतिमा एउटा अदृश्य मानसिकता कायम छ–प्रत्यक्ष निर्वाचन पुरुषका लागि सुरक्षित क्षेत्र हो, महिलालाई समानुपातिकबाट ल्याए पुग्छ ।

यो सोंच बदल्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

महिलाको क्षमता वा नेतृत्वमा कुनै कमी छैन । आन्दोलनका समयदेखि लिएर संविधान निर्माणसम्म महिलाले उल्लेखनीय भूमिका खेलेका छन् । गाउँदेखि शहरसम्म सामाजिक परिवर्तनका अभियानमा महिलाहरू अग्रपङ्क्तिमा देखिन्छन् ।

स्थानीय तहको अनुभवले पनि यही कुरा प्रमाणित गरेको छ । हजारौं महिला जनप्रतिनिधिहरू अहिले गाउँपालिका, नगरपालिका र वडाहरूमा नेतृत्व सम्हालिरहेका छन् । कतिपय ठाउँमा उनीहरूले पारदर्शिता, सेवा प्रवाह र विकासका क्षेत्रमा सकारात्मक उदाहरण प्रस्तुत गरेका छन् ।

यसले स्पष्ट देखाउँछ–अवसर पाए महिलाले नेतृत्व गर्न सक्छन् ।

समस्या महिलाको क्षमतामा होइन, अवसरको वितरणमा छ ।

राजनीतिक दलहरूले अझै पनि धेरैजसो "सुरक्षित" वा जित्न सकिने निर्वाचन क्षेत्र पुरुष नेताहरूलाई दिने चलन कायम राखेका छन् । महिलालाई भने प्रतिस्पर्धा कठिन मानिने क्षेत्र वा पार्टी कमजोर भएको स्थानमा उम्मेदवार बनाइने प्रवृत्ति देखिन्छ ।

त्यसपछि चुनाव हार्दा निष्कर्ष निकालिन्छ–महिलाले जित्न सक्दैनन् ।

तर पछिल्ला केही उदाहरणहरूले यो धारणा गलत सावित गर्न थालेका छन् । केही दलहरूले महिलालाई जित्न सक्ने क्षेत्रमा उम्मेदवार बनाउँदा उनीहरूले राम्रो परिणाम पनि ल्याएका छन् । यसले एउटा स्पष्ट सन्देश दिन्छ-जनताले सक्षम उम्मेदवारलाई महिला वा पुरुष भनेर होइन, काम र दृष्टिकोणका आधारमा मूल्याङ्कन गर्न थालेका छन् ।

त्यसैले अब परिवर्तनको पहल तीन तहबाट हुन आवश्यक छ ।

पहिलो, राजनीतिक दलहरूबाट - दलहरूले महिलालाई समानुपातिक सूचीको विकल्पका रूपमा होइन, प्रत्यक्ष राजनीतिक नेतृत्वका रूपमा हेर्नुपर्छ । जित्न सक्ने क्षेत्रमा महिलालाई उम्मेदवार बनाउने राजनीतिक साहस देखाउनुपर्छ ।

**दोस्रो, महिलाहरू आफैँबाट–**

राजनीति पुरुषको क्षेत्र हो भन्ने पुरानो मानसिकता तोड्दै महिलाले चुनावी प्रतिस्पर्धामा आत्मविश्वासका साथ अघि बढ्नुपर्छ । चुनाव कठिन हुन्छ, आलोचना पनि हुन्छ, तर चुनौती स्वीकार नगरी परिवर्तन सम्भव हुँदैन ।

**तेस्रो, समाज र मतदाताबाट–**


मतदाताले उम्मेदवारको लिङ्ग होइन, क्षमता, दृष्टि र कामका आधारमा निर्णय गर्ने संस्कार विकास गर्नुपर्छ ।

पछिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ ९ बाट १४ महिला निर्वाचित हुनु सानो परिवर्तन जस्तो देखिए पनि यो एउटा महत्वपूर्ण संकेत हो । परिवर्तन विस्तारै सुरु भएको छ । अबको लक्ष्य भने स्पष्ट हुनुपर्छ–महिलाको प्रतिनिधित्व समानुपातिक सूचीमा मात्र सीमित रहने होइन, प्रत्यक्ष नेतृत्वमा पनि बलियो रूपमा स्थापित हुने ।

लोकतन्त्र आधा जनसंख्यालाई दर्शक बनाएर बलियो हुँदैन । उनीहरूलाई निर्णय प्रक्रियाको केन्द्रमा ल्याएर मात्रै लोकतन्त्र सशक्त बन्छ ।

त्यसैले आगामी निर्वाचनहरूमा अझ धेरै महिलाहरू प्रत्यक्ष निर्वाचनमा उम्मेदवार बन्ने, चुनाव जित्ने र नीति निर्माणको अग्रपङ्क्तिमा पुग्ने विश्वास गर्न सकिन्छ । किनकि जब महिलाले प्रत्यक्ष जनमतबाट नेतृत्व पाउँछन्, तब मात्रै लोकतन्त्र वास्तवमै समावेशी र सन्तुलित बन्छ ।

# सेयर बजार ४६.७८ अंकले घट्यो



काठमाडौं । बुधबार नेप्से परिसूचक ४६.७८ अंकले घटेर २ हजार ७९६.५७ विन्दुमा झरेको छ । प्रतिनिधिसभा निर्वाचनपछि खुलेको पहिलो कारोबारका दिन उच्च अंकले बढेको मंगलबारदेखि घट्न सुरु गरेको छ ।

मगंलबार ३२.०८ अंकले घटेको नेप्से बुधबार ४६.८७ अंकले घटेको छ । त्यस्तै, सेन्सेटिभ इण्डेक्स ८.३२ अंकले घटेको छ भने फ्लोट इण्डेक्स ३.२४ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स २.९४ अंकले घटेको छ ।

बुधबार ३२९ कम्पनीको ३ करोड ६० लाख ४९ हजार कित्ता शेयर १३ अर्ब १८ करोड २ लाख ५५ हजार रुपैयाँबराबरको खरिदबिक्री भएको छ । नेप्सेसँगै कारोबार रकम पनि घटेको छ । मंगलबार २१ अर्ब ५० करोड रुपैयाँबराबरको शेयर खरिदबिक्री भएको थियो ।

१३ उपसमूहमध्ये १२ उपसमूहको परिसूचक घटेको छ भने एक उपसमूहको परिसूचक बढेको छ । जसमा म्युचुअल फण्ड उपसमूहको परिसूचक सामान्य बढेको छ । व्यापार उपसमूह ३.४० प्रतिशत घटेको छ । त्यस्तै, वित्त उपसमूहको परिसूचक २ प्रतिशतभन्दा बढी घटेको छ भने बाँकी अन्य उपसमूहको १ प्रतिशत बढीले घटेको छ ।

बुधबार कारोबारमा आएको सालपा विकास बैंकको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । बैंकको शेयरमूल्य ७८ रुपैयाँ ४० पैसा बढेर ८६२ रुपैयाँ ४० पैसामा अन्तिम कारोबार भएको छ । त्यस्तै, नेशनल हाइड्रोपावरको शेयरमूल्य करिब १० प्रतिशत बढेको छ भने रिलायन्स स्पिनिङ्ग मिल्सको शेयरमूल्य ९ प्रतिशतभन्दा बढी बढेको छ ।

कारोबार रकमका आधारमा रिडी हाइड्रोपावर कम्पनीको ८५ करोड ९४ लाख रुपैयाँबराबरको शेयर कारोबार भएको छ । त्यस्तै, आँखु खोला जलविद्युत् कम्पनीको ५१ करोड रुपैयाँभन्दा बढीको शेयर किनबेच भएको छ ।

# विभिन्न रोगमा कागतीको प्रयोग



कागती एक प्रकारको रसिलो तथा अमिलो सदाबहार बहुउपयोगी र गुणकारी फल हो । कागती भिटामिन सीको महत्वपूर्ण स्रोत हो । सबै कागती सर्वगुणकारी हुने भए पनि कागजी कागतीलाई सबैभन्दा राम्रो मानिन्छ ।

कागतीको जुसले छालालाई सुन्दर र कोमल पनि बनाउँछ । कागतीमा रोगको संक्रमणविरुद्ध लड्न सक्ने गुण हुन्छ । यसले सेता मान्छेमा रक्तकोष उत्पादन गर्न मद्दत गर्छ र रगतलाई संक्रमण हुनबाट पनि बचाउँछ ।

नेपालमा ज्वरो आउँदा अमिलोको संसर्ग नगर्नु भन्ने अन्धविश्वास छ तर सत्य भने अर्कै छ । रुघाखोकी र ज्वरोमा समेत कागतीको प्रयोग अत्यन्तै लाभदायक हुन्छ । कागतीलाई जुस बनाएर खाँदा ज्वरो आएका बिरामी छिट्टै निको हुन्छन् । कारण, सर्वत पिएपछि शरीरबाट धेरै पसिना आउँछ र पसिना निस्केपछि ज्वरो स्वतः कम हुन्छ । कागतीको प्रयोग दाँतको हेरचाहमा समेत गरिन्छ ।

दाँत दुखेको ठाउँमा कागतीको रस राख्दा त्यसले दाँत दुखाइलाई कम गर्छ । दाँतको गिजामा कागतीको रस हालेर माड्ने हो भने गिजाबाट रगत आउन समेत रोकिन्छ । कागतीको जुस खानाले गिजाका कारण मुख गन्हाउने समस्याबाट समेत मुक्ति पाउन सकिन्छ ।

दाँतको नियमित सफाइमा समेत कागतीको प्रयोग गर्न सकिन्छ । तर कागतीमा धेरै अम्ल तत्व हुने भएकाले यसो धेरै प्रयोगले मुखभित्रको गिजा खुइलिन सक्छ ।कागतीको रस कपालको सुरक्षामा पनि उत्तिकै महत्वपूर्ण छ । कपालको जरामा कागती लगाउनाले चायाँ र कपाल झर्ने समस्याको धेरै हदसम्म नियन्त्रण हुन्छ । कपालमा कागतीको रस लगाएर केहीबेर सुकाई नुहाउने हो भने त्यसले कपालमा चमक ल्याउँछ ।

कागतीको टुक्रालाई दिनहुँ डण्डिफोरमा सुत्नुअघि रगड्ने, रातभरि त्यसै राख्ने एवम् बिहान उठेर धुने गर्दा यसमा सुधार हुन्छ । गहुँको पीठो, बेसन वा मुल्तानी माटोमा कागतीको रस मिसाई, दिनहुँ अनुहारमा लेपन गरी आधादेखि एक घण्टा बस्ने र पखाल्ने गर्दा डण्डिफोर र अनुहारको पोतोमा पनि लाभ गर्दछ । कागती र मह बराबर मिश्रित गरी अनुहारमा लेपन गर्ने र २०-३० मिनेटपछि कपासले रगडेर अनुहारमा मालिस गर्दा अनुहारको चायामा सुधार हुन्छ ।

दिनहुँ पानीमा वा दालमा मिसाई आधादेखि एउटासम्म कागती खाने गर्दा रक्तचापमा फाइदा गर्दछ ।

त्यस्तै दिसा कडा हुने र सफा नहुने समस्या छ भने दिनको एउटा कागतीलाई ४-५ लिटर पानीमा मिसाई पटक-पटक गरेर पिउने गर्दा कब्जियत हट्न सहयोग गर्दछ । छाला चिलाउनेसम्बन्धी समस्यामा कागतीको टुक्राले रगड्दै १-२ दिनको फरक पारी नुहाउने, सफा गर्ने गर्दा फाइदा हुन्छ । यसै गरी बान्ता भइरहेमा एवम् वाकवाकी लागेमा कागती काटेर चुस्ने गर्दा रोकिन सहयोग मिल्दछ ।

कसैलाई रक्सी खाएर बढी नशा लागेको छ भने कागतीको टुक्रा चुसाउने वा कागती-पानीको सर्बत खुवाउने गर्दा रक्सीको मात हराउँछ । त्यस्तै नियमितरूपमा दैनिक भोजनमा केही मात्रामा कागतीको प्रयोग गरी खाँदा क्यान्सरको समस्या हुन पाउँदैन ।

- निधि चौलागाईं, कलंकी, काठमाडौं

## कांग्रेसमा...

तै पनि हामीले यसलाई समीक्षा गरेर अघि बढ्नुपर्छ। अहिले सभापतिको राजीनामा निकास होइन भन्ने हाम्रो बुझाइ छ। विशेष महाधिवेशन नगरेको भए कांग्रेसले यतिको पनि परिणाम ल्याउन सक्ने थिएन।'

कांग्रेसका पूर्व केन्द्रीय सदस्य किरण गिरी माघ १ गते निर्वाचित नेतृत्वले पार्टीको नीति, कार्यक्रम र एजेन्डाको खाका स्पष्ट पारेर ५० दिनमा १६५ निर्वाचन क्षेत्रमा आमनिर्वाचनको सामना गऱ्यो त्यो आफैंमा अत्यन्तै सफल र सराहनीय कार्य भएको दाबी गर्छन्।

उनले भने-'विशेष महाधिवेशनको निर्णय र कदम नेपाली कांग्रेसको जीवनमा अत्यन्तै आवश्यक थियो र भयो। एक वर्ष अगाडि नै नेपाली कांग्रेसको नेतृत्व परिवर्तन हुनु जरुरी थियो। त्यहाँनेर हामी चुकेकै हो। अझै पनि हामी समग्रमा विशेष महाधिवेशनको नेतृत्व र निर्णयलाई आत्मसात् गर्न सकिरहेका छैनौं भने त्यो राजनीतिक बचपनमात्र हो।'

उनले देउवा समूहले चुनावमा सहयोग नै नगरेको आरोप लगाए। उनले थपे-'देउवा समूहको बहिष्कार र असहयोग बाबजुद ३७ स्थान प्राप्त गर्दै रहेको कांग्रेसलाई अब राजीनामा होइन -१५ महाधिवेशनमा लैजानु आवश्यक छ। जो जसले अहिले सभापति गगन थापाको राजीनामा मागिरहनु भएको छ उहाँहरूले रूख चिन्ह मा नै मत हाल्नु भयो कि, भएन ? त्यो चाहिँ गम्भीर र सोचनीय सवाल बनेको छ।'

उनले अब तत्काल केन्द्रीय कार्यसमिति बैठक बसेर आमनिर्वाचनमा प्राप्त परिणाम र पुराना नेताहरूले खेलेका भूमिकाको निर्मम समीक्षा र विश्लेषण गर्दै पार्टीको भावी कार्यक्रम र रणनीति बनाएर अगाडि बढ्नुपर्ने बताए। उनले पार्टी अब छिटोभन्दा छिटो १५औं महाधिवेशन तयारीमा जुट्नुपर्ने बताए।

उनी मात्रै होइन, कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पनि केही दिनअघि अब गम्भीर समीक्षासहित नियमित महाधिवेशनको प्रक्रियामा पार्टी जाने बताएका थिए।

उनले भनेका थिए-'अब छिट्टै केन्द्रीय कार्यसमितिको बैठक बस्छ। चुनावी परिणामको बुँदा-बुँदामा समीक्षा गर्छौं। र महाधिवेशनमा प्रवेश गर्छौं। यतिबेला पार्टीपंक्ति संयमता र परिपक्वताका साथ एकतामा बाँधिनुपर्छ।' अर्का नेता चन्द्र भण्डारीले पनि अब पार्टी नियमित महाधिवेशनमा जानुपर्ने धारणा सार्वजनिक गरेका छन्।

उनले भनेका छन्-'अधिवेशनका लागि बनेको कांग्रेसको चुनाव नियमित थिएन। त्यसैले गगन थापाले नैतिकताको नाममा राजीनामा दिनुभन्दा छिटो अधिवेशनमा जानु नै उपयुक्त, जिम्मेवार र समयसापेक्ष बाटो हो। अहिलेको अवस्थामा कांग्रेस बचाउनु आफैंमा एक नैतिक दायित्व हो।'

अर्का नेता अर्जुननरसिंह केसी पनि नेतृत्व पाएको ५० दिनकै अवधिमा वर्षौंदेखि थुप्रिएका विकृति र विसङ्गति र समस्याहरू जादु गरी झैँ चुट्कीको भरमा समाप्त पार्ने काम हुन नसक्नु वा नहुनु स्वाभाविक नै भएको तर्क गर्छन्।

उनी भन्छन्-'पार्टीको प्रमुख सारथि, कांग्रेस सभापतिलाई थाक्ने, निराश हुने वा अलमलिने छुट छैन। परिस्थिति तथा विरासतको रूपमा आइलागेका खराबीको उपजलाई आधारमा राजीनामा गर्नु गम्भीर राजनीतिक भुल हुनसक्छ।'

हतारमा कुनै निर्णय नगरी विगतबाट थुप्रिँदै आएका विकृति र वर्तमान परिस्थितिको निर्मम विश्लेषण, समीक्षा र मूल्याङ्कन गरी भावी रणनीति तयार गर्न पार्टी नेतृत्व युद्धस्तरमा केन्द्रित हुनुपर्ने उनको भनाइ छ।

गगननिकट नेता शंकर तिवारीले पनि विशेष महाधिवेशनपछिको नेतृत्वकै कारणले नै कांग्रेस संसदको वैधानिक प्रतिपक्ष हुन सफल भएको दाबी गरेका छन्।

उनले एक भिडिओ सन्देश जारी गर्दै भनेका छन्-'कांग्रेस १५-१६ प्रतिशत भोट ल्याउन सफल भएको छ। विशेष महाधिवेशन भएको भए कांग्रेसको अहिले भन्दा अझ बिजोग अवस्था हुन्थ्यो भन्ने कुरामा कार्यकर्ताहरूको एकमत देखिन्छ।'

उनले सभापति थापा नियमित अधिवेशनबाट आएको नभएकाले अर्कोलाई कार्यवाहक दिएर जान नमिल्ने बताए।

उनले थपे-'उहाँको विशेष अधिवेशनको सभापतिको काम नियमित अधिवेशनमा लगेर नयाँ नेतृत्वलाई सुम्पने दायित्व हो। गगन थापाले हतारमा राजीनामा गर्नुहुँदैन। उहाँले राजीनामा गरे पनि केन्द्रीय कार्यसमितिले, सदस्यहरूले अस्वीकार गर्ने सम्भावना छँदैछ।'

देउवाको परम्परागत गुटसँग जोडिएका नेताहरूले निर्वाचनमा सहयोग नगरेको उनको बुझाइ छ।

## ६ राष्ट्रिय...

यो संख्या गत प्रतिनिधिसभाको भन्दा तेब्बर कम सिट हो।

यसअघि एमालेको ७९ सिट थियो। गत चुनावमा समानुपातिकमा पहिलो बढी मत ल्याउने दल रहेको एमाले यसपटक ५० प्रतिशत मत गुमाउँदै १४ लाख ५१ हजार ७५९ मा सीमित भएको छ।

नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकमा ९ सिट पाउने देखिएको छ। उसले प्रत्यक्षमा ८ सिट जितेको छ। अब प्रतिनिधिसभामा नेकपाको १७ सिट हुनेछ। नेपाल कम्युनिस्ट पार्टीले समानुपातिकतर्फ ८ लाख ८ हजार ५ सय ८२ मत पाएको छ।

यो प्रतिनिधिसभामा श्रम संस्कृति र राप्रपाले समानुपातिकमा ४/४ सिट पाउने देखिएको छ। श्रम संस्कृतिले ३ सिट प्रत्यक्षमा जितेकाले अब उसको कुल ७ सिट हुनेछ। राप्रपाले प्रत्यक्षमा एक सिट जितेकाले कुल ५ सिट हुनेछ।

श्रम संस्कृति चार महिनाअघि मात्र गठन भएको पार्टी हो। यो चुनावबाट उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र सिके राउत नेतृत्वको जनमत पार्टीले भने कुनै सिट ल्याउन सकेनन्। समानुपातिकमा पनि तीन प्रतिशत मतको थ्रेस होल्ड कटाएनन्।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले समानुपातिकतर्फको मतगणना सकिएको जानकारी दिँदै अब त्यसको सिट बाँडफाँटको काम अगाडि बढ्ने बताए।

दलहरूले सिफारिस गरेको के कति मिल्यो वा मिलेन भनेर निर्वाचन आयोगले पुनः हेर्दछ र अगाडि बढाउँछ। त्यसपछि निर्वाचन आयोगले समानुपातिक सांसदहरुलाई निर्वाचित भएको प्रमाणपत्र दिनेछ।

समानुपातिक निर्वाचन प्रणालीबाट सिट पाउने ६ वटा पार्टी हुने भएका छन्। जसमा एउटा नयाँ र पाँच वटा दल पुरानै छन्।

यसपटकको निर्वाचनबाट राष्ट्रिय दलको मान्यता पाउने नयाँ दलमा श्रम संस्कृति पार्टी रहेको छ। यो हर्क साम्पाङ नेतृत्वको पार्टी हो।

चार महिनाअघि खुलेको श्रम संस्कृति पार्टीले प्रत्यक्षतर्फ ३ सिट जितेको छ भने समानुपातिकतर्फ तीन प्रतिशत थ्रेसहोल्ड कटाएको छ।

बाँकी राष्ट्रिय दलको मान्यत पाउने दलहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) रहेका छन्। यी चार दल विघटित प्रतिनिधिसभामा पनि राष्ट्रिय दलको रुपमा रहेका थिए।


# रुख कटान मुछान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।११।२८ गते)

यस मध्यविन्दु साझेदारी वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम C1S6 र C2S2 सव कम्पार्टमेन्टमा पहिलो वर्ष पुनरुत्पादन कटान, ढलापडा रुखहरु संकलन र अग्निरेखामा परेका रुखहरु कटान, मुछान गरी घाटगद्दी गर्ने कार्य स्वीकृत जिल्ला दररेट बमोजिम घटाघट प्रकृयावाट गर्नु पर्ने भएकोले वन पैदावारको कारोवार गर्ने उद्देश्यले दर्ता भएका काष्ठ व्यवसायीक फर्म, कम्पनीले १५ दिन भित्र दरभाउपत्र फाराम खरीद गरी रितपुर्वक अलग अलग सिलबन्दी दरभउपत्र १६ औं दिनको १२:०० वजे भित्र दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि विस्तृत सूचना वा यस समुहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

| ठेक्का नं. | प्लट | अनुमानित उत्पादन हुने परिमाण | | कैफियत |
|---|---|---|---|---|
| | | काठ (घ.फि.) | दाउरा ( चट्टा) | |
| २/२०८२/०८३ | C1S6 सव कम्पार्टमेन्टमा पहिलो वर्ष पुनरुत्पादन कटान | १०८८८.६५ | १२.६२ | |
| ३/२०८२/०८३ | C2S2 सव कम्पार्टमेन्टमा पहिलो वर्ष पुनरुत्पादन कटान | ८०६२.४९ | १३.४८ | |
| ४/२०८२/०८३ | वन क्षेत्रवाट ढलापडा काठ दाउरा संकलन | १२५००.०० | १४.०० | |
| ५/२०८२/०८३ | अग्निरेखामा परेका रुखहरु कटान | ३८००.०० | ६.५० | |

कार्यालयः मध्यविन्दु साझेदारी वन उपभोक्ता समूह, कावासोती १४, नवलपरासी (ब.स.पू.)

सम्पर्कः Email: madhyabinducfm@gmail.com Phone : 9844778912, 9869458376



## सिद्धार्थनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

### सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका सटर तथा कोठा बहालमा दिने प्रस्ताव पुनः आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/२८ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन, २०८२ तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०७८ बमोजिम सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका निम्न भवन संरचनामा रहेका सटर तथा कोठाहरु आगामी ३ वर्षको लागि बढाबढबाट बहालमा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्मले निम्न शर्तको अधिनमा रही १५ दिन भित्र शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

आय ठेक्का नं. SNP/IR/SP/01/082/083(Re)

| सि.नं. | सटर/कोठा नं. को विवरण | प्रति सटर न्यूनतम मासिक बहाल दर | कै. |
|---|---|---|---|
| | सिद्धार्थनगर वडा नं. ३ स्थित सिद्धार्थ बसपार्क भित्रका सटरहरु | | |
| १.१ | टर्मिनल भवनको बाहिर सटर नं. २ | रु.७०००/- | |
| १.२ | टर्मिनल भवनको बाहिर सटर नं. १० | रु.७०००/- | |
| १.३ | टर्मिनल भवनको बाहिर सटर नं. ११ | रु.७०००/- | |
| १.४ | टर्मिनल भवन भित्र सटर नं. १४ | रु.९०००/- | |
| | २. सिद्धार्थनगर वडा नं. ५ स्थित नगरपालिकाको पुरानो कार्यालय भवन अगाडि रहेका सटरहरु | | |
| २.१ | सटर कोठा नं. ४ | १४३००/- | |
| २.२ | सटर कोठा नं. ६ | १८८१०/- | |
| २.३ | पुरानो कार्यालय भवन भित्र गेट छेउमा रहेको कोठा (साविकको चमेनागृह) | ५५००/- | |
| | ३. सिद्धार्थनगर वडा नं. ५ हाटबजार स्थित वडा कार्यालय भवनको भुईतलामा रहेका सटरहरु | | |
| ३.१ | सटर नं. १७ | ९९२२/- | |
| | ४. सिद्धार्थनगर वडा नं. १ बेहलियास्थित शहरी सेवा केन्द्रमा रहेको सटरहरु | | |
| ४.१ | पहिलो तला कोठा नं. ११ | १५१२५/- | |
| ४.२ | पहिलो तला कोठा नं. १३ | ६,२३१.५० | |
| ४.३ | पहिलो तला कोठा नं. १४ | १५८५१/- | |
| ४.४ | पहिलो तला कोठा नं. १७ | ६,१८३.१० | |

शर्तहरु-

१. प्रति प्रस्ताव पत्र दस्तुर वापत रु. १०००/- (पछि फिर्ता नहुने गरी) sutrarevenue.fcgo.gov.np पोर्टलबाट अनलाईन मार्फत रकम जम्मा गरी वा यस कार्यालयको राजस्व प्रशासन शाखामा बुझाई व्यक्ति भए नागरिकता प्रमाण पत्र प्रतिलिपि र फर्म भए फर्मको ईजाजतपत्र, करचुक्ता, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सटर/कोठा अनुसारको प्रस्ताव फारम बेग्ला-बेग्लै खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका प्रस्ताव फारम १६औं दिन दिउँसो १२.०० बजेसम्म शिलबन्दी गरी दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएको प्रस्तावहरु सोही दिनको १.०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्ताव खोल्न कुनै बाँधा पर्नेछैन। प्रस्ताव खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लिखित समयमा खरिद, दाखिला तथा खोल्ने कार्य हुनेछ।

३. प्रस्तावदाताले तोकिएको दस्तुर बुझाई एक वा एक भन्दा बढी सटर/कोठाहरु बहालमा लिन प्रस्ताव पेश गर्न सक्नेछ। प्रत्येक सटरको लागि बेग्ला-बेग्लै प्रस्ताव फारम पेश गर्नु पर्नेछ। प्रत्येक सटर / कोठामा बढाबढमा सबै भन्दा बढी कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

४. प्रस्तावपत्र पेश गर्दा कबोल गर्ने कुल रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको कृषि विकास बैक लि. शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३) ०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिडबण्ड (धितो जमानत पत्र) पेश गर्नु पर्नेछ।

५. प्रस्ताव फारममा कुनै शर्त राख्न नपाईने वा उल्लेखित विवरणमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ।

६. प्रस्तावदाताले सटर/कोठा रहेको स्थान अवलोकन तथा यकिन गरी प्रस्ताव पेश गर्नु पर्नेछ। जुन सटरको लागि प्रस्ताव पेश गरेको हो सोही सटरको लागि बढाबढ भएको रकमको आधारमा मुल्याङ्कन गरिनेछ।

७. रित नपुगेको, समयभित्र दर्ता नभएको वा शर्त सहित पेश भएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

८. प्रस्तावपत्र खरिद वा दर्ता गर्नु अगावै सो सँग सम्बन्धित आवश्यक जानकारी नगरपालिकाको राजस्व प्रशासन शाखाबाट लिन सकिनेछ। खरिद गरिएको प्रस्तावपत्र कुनै कारणले फिर्ता गरिने छैन।

९. यस नगर क्षेत्रभित्र स्थायी ठेगाना भएका फर्मवाला प्रस्तावदाताले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ। प्रस्तावपत्र खरिद गर्न चाहने फर्मको हकमा सम्बन्धित निकायमा दर्ता भई चालू आर्थिक वर्षको लागि नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

१०. नगरपालिकालाई आ.व. २०८१/०८२ सम्म कुनै प्रकारको कर, शुल्क तथा बक्यौता तिर्न बुझाउन बाँकी रहेका तथा कालो सूचिमा परेका व्यक्तिले पेश गरेको दरभाउपत्र अस्वीकृत गरिनेछ। साथै प्रस्तावदाताले प्रस्तावपत्र पेश गर्ने बेलामा नै आफू कालो सूचीमा नपरेको र नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तथा शुल्कहरु बाँकी नरहेको स्वघोषणा गरी पेश गर्नुपर्नेछ। स्वघोषणा पेश नभएका तथा कैफियत देखिएका प्रस्तावहरु स्वतः अस्वीकृत हुने / गरिने छन्।

११. दरभाउपत्रदाताले कबोल गरेको भाडादरमा सम्झौता भएको अवधिले पहिलो र दोस्रो वर्ष भाडा वृद्धि नहुने र तत्पश्चात प्रत्येक वर्ष दश प्रतिशत वा नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा भाडा वृद्धि हुनेछ।

१२. बहाल वापतको रकम वार्षिक एकमुष्ठ रुपमा अग्रीम भुक्तानी गर्ने व्यवसायीलाई नगर कार्यपालिकाको निर्णयबाट अधिकतम १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

१३. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानूनमा उल्लेख भए बमोजिम वा बहाल सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। बहालसंग सम्बन्धित थप अन्य शर्त प्रस्तावपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

१४. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालयको वेवसाईट siddharthanagarmun.gov.np वा कार्यालय समय भित्र राजस्व प्रशासन शाखाबाट विस्तृत जानकारी लिन सकिनेछ।

**(प्रमुख प्रशासकीय अधिकृत)**



## डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)
चन्द्रौटा, कपिलवस्तु

### खोलाखोल्सी व्यवस्थापन तथा नदिजन्य पदार्थ संकलन, घाटगद्दी र निकासी कार्यको लागि पुनः विद्युतीय बोलपत्र (E-Bidding) आह्वान सम्बन्धी सूचना।

दोस्रो पटक प्रकाशित मितिः-२०८२।११।२८

यस कार्यालयबाट नदीजन्य पदार्थहरुको संकलन,घाटगद्दी र सो पश्चात प्राविधिकहरुबाट परिमाण नाँप जाँच तथा एकिन गरेर विक्रि आदेश पश्चात विक्रि गर्ने गरी बढाबढमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमणपत्र,गत आ.व. ०८१/०८२ को कर चुक्त प्रमाणपत्र र नेपाली नागरिकताको प्रमणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी मिति २०८२।१२।१५ गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालय (www.bolpatra.gov.np) बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही विद्युतीय (E-Bidding) बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं./ बोलपत्र नं. | ठेक्काको नाम | संकलन हुने परिमाण (घ.फि.) | न्यूनतम मूल्य (रोयल्टी मु.अ.कर/ अ.आ कर बाहेक) | धरौटी रकम (कबोल अंकको) | बोलपत्र फारम दस्तुर रकम रु |
|---|---|---|---|---|---|---|
| १ | DFOG/RM/ 082/083/06 | River Management, Collection, Stockpiling and Selling of River bed materials from Surahi Khola (Section B), Shivraj-01, Kapilvastu | २५,५०,०३८।४० | २,२९,५०,३४५।६० | १०% | ५०००/- |
| २ | DFOG/RM/ 082/083/07 | River Management, Collection, Stockpiling and Selling of River bed materials from Surahi Khola, (Section C), Shivraj-02, Kapilvastu | १९,९६,४९५।२० | १,७९,६८,४५६।८० | १०% | ३०००/- |

नोट :- थप विवरण www.dfogautambuddha.lumbini.gov.np एवम् www.bolpatra.gov.np मा विस्तृत सूचनामा उपलब्ध रहेका छ।

**कार्यालय प्रमुख**



# Bardaghat Municipality
## Office of Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su.West)**
**Lumbini Province, Nepal**

# Invitation for Bids

First Date of Publication: 2082/11/28 B.S.(12th March 2026)

Bardaghat Municipality, Office of the Municipal Executive Invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works and Goods.Major qualifications criteria, name and Identification of the contracts are mentioned below through the details are in the bidding documents.

| SN | Contract ID No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/ Works/33/082/ 083 | Procurement of Construction of Nawalparasi Jilla Bardaghat Nagarpalika -06, Betahani Manoranjan Park | 90/120days | 21,45,507.02 | 65,000 | 3,000 |
| 2 | BAR/SQ/ Goods/ 34/082/ 083 | Procurement of RTK Machine for Bardaghat Municipality | 45/75days | 8,75,000.00 | 25,000 | 1,000 |

**Submission and Opening:**

| Contract ID No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| BAR/NCB/Works/33/082/083 | 29th March, 2026 | 1:00 PM | 12th April, 2026 | 12:00 PM | 12th April, 2026 | 1:00 PM |
| BAR/SQ/Goods/ 34/082/083 | – | – | 29th March, 2026 | 12:00 PM | 29th March, 2026 | 1:00 PM |

| Bank Name | Name of Office | Bid Document Purchase fee | Bid Security Deposit |
|---|---|---|---|
| NIC ASIA Bank Ltd. Bardaghat, Nawalparasi | Bardaghat Municipality, Office of the Municipal Executive | 0832050028211002 AntarikRajaswo | 8341498482524004 DharautiKhata |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Executive Officer**



**मकै छर्दै किसानः**
स्याङ्जाको आँधीखोला गाउँपालिकाको पर्यटकीय गाउँ सिरुबारी नजिकै त्रिवेणीमा मकै छर्दै स्थानीय कृषक। तस्विर : तोलाकान्त बगाले/रासस

# महेश बस्नेतविरुद्ध मुद्दा दायर



बुटवल। नेकपा एमाले सचिव महेश बस्नेतविरुद्ध अदालतको अवहेलना मुद्दा दायर भएको छ। बुधबार दर्ता भएको बस्नेत विरुद्धको मुद्दामा आगामी १ चैत आइतबारका लागि सुनुवाइ तोकिएको छ।

गत ११ माघमा प्रेस चौतारी नेपालले आयोजना गरेको अन्तर्क्रियामा उनले दिएको अभिव्यक्तिले अदालतको अवहेलना भन्दै अधिवक्ता लवन न्यौपानेले बुधबार मुद्दा दायर गरेका हुन्।

कार्यक्रममा बस्नेतले 'प्रधानन्यायाधीशलगायतका न्यायाधीश ज्यूहरु लाग्दै नलागेको रोग लागेर गायब हुने, न्यायिक प्रक्रिया आतंकित भएर, डराएर अथवा लोभ प्रलोभनमा परेर अथवा हस्तक्षेप भएर प्रक्रिया ढिला गर्ने, न्याय नदिने, दबाबमा पर्ने, भोलि महाअभियोग आउला भन्ने अथवा राष्ट्रिय, अन्तर्राष्ट्रिय शक्तिको सामु डराउने, प्रधानन्यायाधीशलगायतका न्यायाधीश ज्यूहरू फोन अफ गर्ने, पन्छिने' भनी अभिव्यक्ति दिएको रिट निवेदनमा उल्लेख छ।

साथै बस्नेतले 'हामी वैदेशिक आक्रमणमा छौं र हाम्रो सर्वोच्च अदालत, उच्च र जिल्ला अदालतहरू मात्र जलेका होइनन्, हाम्रो न्याय प्रणाली नै जलेको छ भन्ने कुरा यसबाट अनुभूति हुन्छ' भन्दै अदालतप्रति सार्वजनिक रूपमा हुर्मत लिने काम गरेको व्यहोरा पनि रिट निवेदनमा उल्लेख छ।

रिट निवेदक न्यौपानेले एमाले नेता बस्नेतलाई अदालतको अबहेलनामा कारबाही चलाई हदैसम्मको सजाय गरी निष्पक्ष न्यायालयको सर्वोच्चता कायम गर्न माग गरेका छन्।

# कस्टमर ग्रुपद्वारा विद्यालयलाई साढे दुई लाखको फर्निचर सहयोग






पाल्पा। कस्टमर ग्रुप नेपाल प्रा. लि.ले १६औं पुस्तकालय दिवसको अवसरमा पाल्पाको अर्गलीस्थित सिद्धेश्वर आधारभूत विद्यालयलाई २ लाख ५० हजार बराबरको फर्निचर सहयोग गरेको छ। विद्यालयको ५९औं वार्षिकोत्सव समारोहमा विद्यालय पुगेर कस्टमर ग्रुप नेपालका प्रबन्ध निर्देशक सुवासबहादुर बोहोराले विद्यालयलाई उक्त महत्वपूर्ण सहयोग प्रदान गरेका हुन्।

जापानमा समेत व्यवसायिक नेटवर्क भएको कस्टमर ग्रुप नेपालले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयको शैक्षिक तथा भौतिक सुधारका लागि सहयोग हस्तान्तरण गरेको बोहोराले बताए।

विद्यालयको बैठक कक्ष, कम्प्युटर ल्याबका लागि आवश्यक टेबलहरू र विज्ञान प्रयोगशालाका लागि विशेष टेबलहरू विद्यालयले प्राप्त गरेको र यसले शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने विद्यालयका प्रधानाध्यापक यमराज पाण्डेले बताए। उनले विद्यालयको भौतिक पूर्वाधार विकासमा कस्टमर ग्रुप नेपालले पुऱ्याएको योगदानको उच्च प्रशंसा गरे। उक्त सहयोगबाट विद्यालयको शैक्षिक वातावरणलाई आधुनिक बनाउन र विद्यार्थीहरूलाई प्रविधिमैत्री शिक्षा प्रदान गर्न ठूलो मद्दत पुग्ने विश्वास गरिएको छ।

सो अवसरमा विद्यालय परिवारका तर्फबाट कस्टमर ग्रुप नेपाल र प्रबन्ध निर्देशक सुवासबहादुर बोहोरालाई सम्मान पत्रद्वारा विशेष सम्मान गरिएको थियो।

दुर्गम क्षेत्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार्न निजी क्षेत्रको तर्फबाट भएको यो उदाहरणीय सहयोगले स्थानीय समुदाय र अभिभावकहरूमा निकै उत्साह थपेको कस्टमर ग्रुप नेपाल बुटवल शाखा प्रबन्धक दीपेन आचार्य क्षेत्रीले बताए। कस्टमर ग्रुप नेपालले जापानमा रोजगारी जानेहरुका लागि गुणस्तरीय भाषा कक्षा, परामर्श र भिसा प्रोसेसिङको विश्वसनीय र न्यून शुल्कमा काम गर्दै आएको क्षेत्रीले बताए। संस्थाको काठमाडौं, बुटवल, पोखरा र चितवन गरी चार स्थानमा शाखा सञ्चालनमा छन्।

# मध्यपूर्वी देशहरूमा मागपत्र प्रमाणीकरण स्थगन

बुटवल। सरकारले मध्यपूर्वी देशहरूमा मागपत्र प्रमाणीकरण स्थगन गरेको छ। इजरायल-अमेरिका र इरानबिच युद्धका कारण सरकारले ती देशमा कामदार पठाउन आवश्यक पर्ने मागपत्र प्रमाणीकरणमा रोक लगाएको हो।

यसअघि वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति, अध्ययनका लागि जान एनओसी जारी गर्न रोकिएको थियो। अबदेखि ती देशबाट नेपालका लागि आउने कामदारहरूको मागपत्र प्रमाणीकरण समेत रोकिएको हो।

यूएई, कतारलगायत देशमा रहेका नेपाली दूतावासले सूचना जारी गर्दै मागपत्र प्रमाणीकरण सम्बन्धी कार्य अर्को सूचना जारी नभएसम्म अस्थायी रूपमा स्थगन गरिएको जनाएका छन्।

त्यसका लागि परराष्ट्र सचिव अमृतबहादुर राईको संयोकत्वमा रहेको उच्चस्तरीय 'इमर्जेन्सी रेस्पोन्स टिम' (ईआरटी) को २० फागुनमा बसेको बैठकले मागपत्र प्रमाणीकरण नगर्न निर्देशन दिने निर्णय गरेको थियो। सोही आधारमा परराष्ट्र मन्त्रालयको पत्राचारपछि मध्यपूर्वी देशहरूमा रहेका नेपाली दूतावास तथा नियोगहरूले मागपत्र प्रमाणीकरण स्थगन गरेका हुन्।

इरानले यूएई, कतार, ओमान, बहराइन, इजरायललगायत देशमा रहेका अमेरिकी बेसक्याम्पहरूमा ड्रोन तथा मिसाइल आक्रमण गर्दै आएका छन्। जसले गर्दा ती देशमा रहेका नेपालीको सुरक्षा चिन्ता बढ्दो छ।

परराष्ट्रमन्त्री बालानन्द शर्माले खाडी मुलुकहरुमा रहेका लाखौं नेपाली नागरिकको उद्धारका लागि राष्ट्रिय स्तरमै योजना हुनुपर्ने बताएका छन्। मध्यपूर्वमा जारी इजरायल-अमेरिका र इरानबिचको युद्धलाई मध्यनजर गर्दै उनले यस्तो बताएका हुन्।

'नेपाल सरकारले १९-२० लाख औपचारिक रूपले, त्योभन्दा बढी अनौपचारिक रूपले २५-३० लाख नागरिक नेपाल फर्काउनु पर्ने हुन्छ। यसका लागि नेशनल स्तरमै प्लानिङ भएको हुनपर्छ।'- परराष्ट्रमन्त्री शर्माले बुधबार आयोजित पत्रकार सम्मेलनमा भने। उनले परराष्ट्र मन्त्रालयले पूर्वाधार निर्माणका लागि कामको थालनी गरिसकेको पनि बताए।

'यसको लागि पूर्वाधार निर्माण गर्नका निमित्त यस कामको थालनी मन्त्रालयको अगुवाईमा भएको छ,' मन्त्री शर्माले भने-'हामीले एउटा सिचुयसन सेन्टरको स्थापना गरेका छौं।' सिचुयसन सेन्टरले नियमित रूपमा अपडेट गरिरहेको र सबै ठाउँमा सम्पर्क स्थापित गरेको मन्त्री शर्माले बताए।

# बदर मतबारे आयोगले विस्तृत अध्ययन गर्दै

बुटवल। प्रतिनिधिसभा निर्वाचनमा बदर मतको प्रतिशत घट्न सकेको छैन। समानुपातिकमा कम देखिए पनि प्रत्यक्षमा धेरै मत बदर भएको निर्वाचन आयोगले जनाएको छ।

प्रत्यक्षतर्फ ५ प्रतिशतभन्दा बढी मत बदर भएको पाइएको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए। आयोगका सूचना अधिकारी घिमिरेका अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ करिब ३ प्रतिशतको हाराहारीमा मत बदर भएको छ। तर प्रत्यक्षतर्फ भने यो संख्या ५ प्रतिशतभन्दा माथि छ।

'अहिले आएको मत परिणामको एउटा रफ डेटा हेर्दाखेरि हामीले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ अलिकति बढी मत बदर भएका र समानुपातिक निर्वाचन प्रणालीतर्फ अलि कम संख्यामा मत बदर भएको अवस्था देखिन्छ,' घिमिरेले भने-'करिब ५ प्रतिशतभन्दा बढी संख्यामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मत बदर भएको देखिन्छ। समानुपातिक निर्वाचन प्रणालीतर्फ करिब ३ प्रतिशतको हाराहारीमा मत बदर भएको अवस्था देखिन्छ।'

बढीभन्दा बढी मतदातालाई मतदानमा सहभागी गराउने र बदर मत न्यूनीकरण गर्ने उद्देश्यले यसपटक प्रभावकारी रुपमा मतदाता शिक्षा सञ्चालन गरिएको थियो। तर प्रारम्भिक तथ्यांकले आयोगको अपेक्षाअनुसार बदर मत कम हुन नसकेको देखाएको छ।

अहिलेसम्म जिल्लाजिल्लाबाट आएको रिपोर्टका आधारमा मत बदरका विभिन्न प्रक्रिया रहेको उनले बताए। सबैभन्दा बढी दुई ठाउँमा छाप लगाउँदा मत बदर भएको देखिएको उनको भनाइ छ।

'अहिले प्रारम्भिक रुपमा आयोगले अध्ययन गर्दाखेरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ मतदाताले दुई वटा चिह्नमा मतदान गरेको अवस्था अथवा मत संकेत गरेको अवस्थामा अलि बढी मतहरू बदर भएको हो कि भन्ने हाम्रो प्रारम्भिक अनुमान छ।'- घिमिरेले भने।

आयोगको प्रारम्भिक अध्ययनअनुसार प्रत्यक्षतर्फ एउटै मतपत्रमा मतदाताले दुई वटा चुनाव चिह्नमा छाप लगाएका कारण धेरै मत बदर भएको पाइएको छ। एउटा मात्र उम्मेदवार छान्नुपर्ने मतपत्रमा दुई वा सोभन्दा बढी चिह्नमा मत संकेत गर्दा मतपत्र स्वतः बदर हुन्छ। यद्यपि बदर मतको वास्तविक प्रकृति र कारणबारे आयोगले विस्तृत अध्ययन गरिरहेको छ। यसका लागि मतदान अगाडि नै जिल्ला कार्यालयलाई अध्ययन गर्न अनुरोध गरिएको र सोको रिपोर्ट आएपछि थप तथ्य बाहिर आउने घिमिरेले बताए।


## श्री भैरव नवदीप माध्यमिक विद्यालय
रैनादेवी छहरा -४, पाल्पा

### आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/११/२८

यस कार्यालयको मिति २०८२/१०/१३ गते दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्रमध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ९२० बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

| ठेक्का नं | आयोजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ कर र पि.एस. बाहेक) |
|---|---|---|---|
| BNS/PAL/W/NCB-02/2082-83 | Construction of Building Interior,Toilet, Landscaping and Boundary Works | श्रीसोनक कन्स्ट्रक्सन, काठमाडौं-३१, शार्(न्तनगर | रु.२७,०३,५७५.०० |

प्रधानाध्यापक

नेपाल सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
## भूमिसुधार तथा मालपोत कार्यालय
कपिलवस्तु

### हकवालाको नाँउको ३५ दिने सूचना।

मिति २०८२/११/२६

उपरोक्त विषयमा जिल्ला कपिलवस्तु, महुवा गा.वि.स. वडा नं. ७ बस्ने रामचन्दर कोरीको नाति, जोखु कोरीको छोरा ज.ध. भगेलु कोरीको मिति २०८२/३/१३ गते मृत्यु भएको र निजको नाँउमा दर्ता श्रेस्ता कायम रहेको तपसिल अनुसारको जग्गाको जग्गाधनी भगेलु कोरी जिवित रहँदा नै र.नं. १।१५३७ मिति २०७८।५।२२ गते मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुमा विगो खुलेको शेष पछिको बकसपत्र शिवपुजन कोरीको नाँउमा गरिदिनु भएको। ज.ध. भगेलु कोरी जिवत रहँदा सेवा सम्भार, पालन पोषण र औषधी उपचार र मृत्यु पश्चात दाह सँस्कार काजक्रिया आफ्नो रितिरिवाज अनुसार निवेदक शिव पुजन कोरीले गरेको। र.नं.१।१५३७ मिति २०७८।५ ।२२ को विगो खुलेको शेषपछिको बक्सपत्र अनुसार तपसिलको जग्गा मेरो नाममा दा.ख. गरी पाँउ भनी शिवपुजन कोरीले मिति २०८२/१०/६ मा माग निवेदन पेश गर्नुभएको।

उक्त जग्गामा हालसम्म कस्को जोतभोग कायम ? निवेदक बाहेक यस पुर्व अन्य कसैलाइ मृतक ज.ध. भगेलु कोरीको नामको जग्गा शेष पछि बक्स पत्र, हालै देखिको बक्स पत्र, राजीनामा वा अन्य कुनै व्यहोराले हक हस्तान्तरण भएको छ, छैन ? विगो खुलेको शेष पछिको बक्स बदर भएको छ, छैन? उक्त शेष पछिको वक्स बाहेक मृतकवाट अन्य कसैलाइ शेष पछिको वक्स लिखत पारित भए वा निजका नाममा उक्त जग्गा शे.व. पारित अनुसार दा.खा. हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित म्याद भित्र दावी र उजुरी गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। अन्य कोही नजिकका हकदार भए यो सूचना टाँस भएको मितिले म्याद भित्र स-प्रमाण सहित यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा माग निवेदन अनुसार दा.खा. भइ जाने र पछि कसैको कुनै किसिमको उजुर नलाग्ने ब्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| महुवा | ७<br>७<br>७<br>८ | ८७<br>१६<br>१४६<br>८६ | ०-०-९-०<br>०-७-१-०<br>०-१-२-०<br>०-२-१३-० | ज.ध. भगेलु कोरी<br>बाबुः जोखु कोरी<br>बाजेः राम चन्दर कोरी<br>ठेगानाः जिल्ला कपिलवस्तु, महुवा गा.वि.स. वडा नं. ७ हाल बुद्धभूमी न.पा. वडा नं. ६ | |

मालपोत अधिकृत

## Rohini Rural Municipality
### Office of the Rural Municipal Executive
Dhakdhai, Rupandehi
Lumbini Province, Nepal

### Invitation for Sealed Quotations

**Date of First Publication: Mar 12th, 2026 (Falgun 28th, 2082)**

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement system in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality or may contact the Rohini Rural Municipality Office at Dhakdhai, Rupandehi within Office hours.

| S.N. | Contract ID | Name Of Project | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 14/SQ/Works/RRM/2082-83 | Ward No. 1 Bagha Adhuro Mandir Nirman. | 9,74,515.53 | 25,000 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | 1,000 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | March 26th ,2026 (Chaitra 12th,2082) At 12:00 Hours | March 26th ,2026 (Chaitra 12th ,2082) At 15:00 Hours | 75 Days |

–Bidders are advised to read the corresponding bid document carefully before submission of bid.

**Chief Administrative Officer**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com